नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
(आन्तरिक प्रशासन शाखा)

फ्याक्स: नं.९७७-१-४१४६५१
☎ ४ ४३८५३६, ४३८५३७, ४३८५३९
अनामनगर,काठमाडौं

पत्र संख्या : ०६९/०७०
च.नं. ४६०

मिति : २०६९।०८।१३

**विषय :- परिपत्र ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
७५ जिल्ला ।

उपरोक्त सम्बन्धमा अर्थ मन्त्रालय (अनुगमन तथा मूल्याङ्कन महाशाखा) च.नं. १४४ मिति २०६९/०७/२२ को पत्रानुसार **"शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना, २०६९"** को कार्यान्वयन सम्बन्धमा कार्ययोजना अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन र अनुगमन प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सोको मासिक प्रगति विवरण तयार गरी यस शाखालाई उपलब्ध गराउनु हुन आदेशानुसार अनुरोध छ ।

उल्लेखित कार्ययोजनाको विष्तृत विवरण अर्थ मन्त्रालयको वेवसाइट **www.mof.gov.np** मा समेत हेर्न सकिने व्यहोरा अनुरोध छ ।

**तपशिल:**

| सुधारका क्षेत्र | मूख्य क्रियाकलाप | जिम्मेवार निकाय | समयावधि | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ख. भ्रष्टाचार नियन्त्रण र पारदर्शिता | १०) सबै जिल्लाका सरकारी कार्यालयहरुले रु १ करोड भन्दा बढीको सेवा र वस्तु खरिद गर्दा यथासम्भव "इ-विडिङ्ग" को प्रक्रिया अवलम्बन गर्ने । | को.ले.नि.का. | निरन्तर | सेवा र वस्तु "इ" विडिङ्गको प्रकृयावाट खरिद भएको हुने । |
| भ.आयोजना व्यवस्थापनमा सुधार | ४) प्रत्येक ठेक्काको रकम, शुरु मिति, सम्पन्न हुनु पर्ने मिति, ठेकेदारको नाम ठेगाना, आवश्यक परे सम्पर्क व्यक्ति, ठेक्काका विषयमा गुनासो सुझाव वा उजुरी सुन्ने व्यक्तिको नाम ठेगाना र टेलिफोन नम्बर देखिने गरी ठेक्का स्थलमा कम्तिमा १ ठाउँमा राख्ने व्यवस्था गर्ने । | को.ले.नि.का. | निरन्तर | आयोजनाको बारेमा जनताहरु सुसूचित हुने, जनस्तरबाट पनि अनुगमन हुन सक्ने र इजाजत पत्र पुस्तिका राखेको हुने । |
| भ.आयोजना व्यवस्थापनमा सुधार | ५) भौतिक निर्माण तर्फ लागत अनुमानको व्यवस्था अनुसार कन्टिन्जेन्सी रकम परिचालन गर्दा आयोजनाको कुल लागतको आधारमा नगरी वार्षिक रुपमा योजना बनाएर मात्र खर्च गर्ने | को.ले.नि.का. | निरन्तर | कंन्टिन्जेन्सी रकम वार्षिक रुपमा विनियोजन भएको हुने । |

| | | | | |
|---|---|---|---|---|
| ㅍ.आयोजना व्यवस्थापनमा सुधार | ६) भौतिक निर्माण कार्यको लागत अनुमानमा इन्जिनियरिङ्ग सुविधा भनी सवारी साधन, आवास सुविधा जस्ता विषय समावेश गर्ने कार्य बन्द गर्ने । | को.ले.नि.का. | निरन्तर | भौतिक निर्माण कार्यको लागत अनुमानमा इन्जिनियरिङ्ग सुविधा भनी सवारी साधान, आवास सुविधा जस्ता विषय समावेश गर्ने कार्य बन्द भएको हुने । |
| ㅍ.आयोजना व्यवस्थापनमा सुधार | ७) एकै लटमा डिजाइन र निर्माण समावेश भएका Engineering, Procurement and Construction (EPC) आयोजना तयार गर्दा कुल लागतमा डिजाइनको भार १ प्रतिशत भन्दा बढी राख्न नपाउने व्यवस्था मिलाउने । | को.ले.नि.का. | निरन्तर | कुल लागत अनुमानमा डिजाइनको भार ३ प्रतिशत भन्दा बढी नराख्ने व्यवस्था भएको हुने । |
| ㅍ.आयोजना व्यवस्थापनमा सुधार | ११) मोविलाइजेसन पेस्की दिइसकेका परियोजनाको कार्ययोजना बमोजिम काम नगर्नेलाई प्रचलित ब्याजदरमा २% थपी असूल गर्ने व्यवस्था गर्ने । | को.ले.नि.का. | निरन्तर | ब्याज सहित रकम असूल भएको हुने । |
| ㅍ.आयोजना व्यवस्थापनमा सुधार | ८) विडिङ्ग प्रक्रियामा योग्यता लगायतका पुरा गर्न जे.भी.मा आउने तर कार्यस्थलमा अर्कै कम्पनीलाई सवकन्ट्रयाकट गर्ने प्रचलनलाई रोक्न कार्यस्थलमा ठेक्का स्वीकार्ने ठेकेदारको उपस्थिति भए नभएको परीक्षण गरी ठेकेदारको उपस्थिति नभएको अवस्थामा ठेकेदार र कार्यालय प्रमुख दुवैलाई कारवाही हुने व्यवस्था मिलाउने । | को.ले.नि.का. | निरन्तर | कार्यस्थलमा ठेक्का स्वकार्ने ठेकेदारको उपस्थिति भएको हुने । |
| ㅍ.आयोजना व्यवस्थापनमा सुधार | १३) भौतिक निर्माण तर्फ लागत अनुमानको व्यवस्था अनुसार कन्टिन्जेन्सी रकम परिचालन गर्दा बजेट व्यवस्था नभएको विषयमा मात्र आयोजनाको कुल लागतको आधारमा नगरी वार्षिक रुपमा योजना बनाएर मात्र खर्च गर्न पाउने व्यवस्था मिलाउने । | को.ले.नि.का. | निरन्तर | कन्टिन्जेन्सी रकम वार्षिक रुपमा विनियोजन भएको हुनेछ । |
| ㅍ.आयोजना व्यवस्थापनमा सुधार | १७) Project Cost मा गाडी इन्धन आदिको लागत समावेश गरी वोलपत्र आह्वान नगर्ने । | को.ले.नि.का. | निरन्तर | गाडी इन्धन आदिको लागत Project Cost मा समावेश भएको हुनेछ । |
| ण.विविध सुधार | ८) थोत्रा पुराना सवारी साधन र अन्य पुराना सामान लिलाम गर्ने र कागजात धुल्याउने । लिलाम नगर्ने जिम्मेवार पदाधिकारीको अभिलेख राखी कार्यसम्पादन | को.ले.नि.का. | निरन्तर | अनुगमन भएको हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | मूल्याङ्कनमा ०.२५ अंक घटाइदिने । | | | |
| झ.आयोजना व्यवस्थापनमा सुधार | ९) निर्माण कार्यको सुपरीवेक्षणको लागि जनशक्ति खटाउँदा जिम्मेवारीको भार अनुसार जनशक्ति उपलब्ध हुने गरी स्पष्ट जिम्मेवारी (Accountability) निश्चित नर्म्स बनाएर मात्र खटाउने । | को.ले.नि.का. | निरन्तर | नर्म्स तयार भई सोही अनुसार जनशक्ति खटिएको हुने । जिम्मेवारी बोध भइ गुणस्तरमा सुधार आउनेछ । |
| झ.आयोजना व्यवस्थापनमा सुधार | १०) सम्झौता हुँदाकै बखत वा काम शुरु हुनु भन्दा अगाडि ठेकेदार र सम्बन्धित निकाय बीच निर्माण कार्यको समय सारिणीमा सहमति गरी दस्तखत गर्ने र सोही आधारमा निर्माण कार्यको मिलाउने । | को.ले.नि.का. | निरन्तर | समय सारिणी अनुसार निर्माण कार्य कार्यान्वयन र अनुगमन भएको हुनेछ । |

..........................
(डालेश्वर अर्याल)
लेखा अधिकृत

**बोधार्थ:**
श्री अर्थ मन्त्रालय, अनुगमन तथा मूल्याङ्कन महाशाखा, ।
सिंहदरबार, काठमाडौं ।